नेपाल सरकार
# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
(रोजगार कार्यक्रम व्यवस्थापन शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः- ०८२/८३
चलानी नं.:- १३५

मितिः- २०८३/०१/३०
ने.सं. ११४६, बछलागा, एकादशी, बुधबार

श्री स्थानीय तहहरु, (सबै)
लुम्बिनी प्रदेश ।

**विषयः वार्षिक समीक्षा तथा क्षमता अभिवृद्धि तालिममा उपस्थिती सम्बन्धमा ।**

प्रस्तुत विषयमा साबिक प्रधानमन्त्री रोजगार कार्यक्रमको स्वरुप परिवर्तन भई हाल *"राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम"* को रुपमा सञ्चालन भएको व्यहोरा विदितै छ । सो सम्बन्धमा उक्त कार्यक्रमको आर्थिक वर्ष २०८१/८२ को वार्षिक समीक्षा र रोजगार सेवा केन्द्रमा कार्यरत रोजगार संयोजकहरुको क्षमता अभिवृद्धि तालिम सञ्चालन हुने भएकोले तहाँ रोजगार सेवा केन्द्रमा कार्यरत रोजगार संयोजक वा रोजगार संयोजक नभएको अवस्थामा उक्त पदको जिम्मेवारी वहन गर्ने १ (एक) जना कर्मचारीलाई देहायको मिति, समय र स्थानमा प्रगति विवरण सहित अनिवार्य सहभागी गराइदिनु हुन निर्णयानुसार अनुरोध छ ।

**देहायः**

मितिः- २०८३/०२/०७ गते (वार्षिक समीक्षा)
२०८३/०२/०८-०९ गते (क्षमता अभिवृद्धि तालिम) (दोस्रो दिन र तेस्रो दिन)

समयः- बिहान ८ बजेदेखि

स्थानः- होटल पाम इन्टरनेशनल, बुट्वल।

२०८३/०१/३०

(नवराज सुबेदी)
शाखा अधिकृत

**नोटः-**

- समीक्षा कार्यक्रममा नियमानुसार दैनिक भ्रमण भत्ता (दिन १.२५ देखि ३.२५ सम्म) तथा नेपाल सरकारले तोकेको यातायात खर्च (सार्वजनिक यातायात (बस) भाडादर मात्र) उपलब्ध गराइने हुँदा सहभागीले स्वीकृत सक्कल भ्रमण आदेश सहित आवश्यक विवरण/कागजातहरु पेश गर्नु पर्नेछ । साथै कार्यक्रम अवधि भरी खाजा/खाना (Breakfast and Lunch) र आवासको व्यवस्था गरिएको छ ।
- साविक प्रधानमन्त्री रोजगार कार्यक्रमको आर्थिक वर्ष २०८१/८२ को वार्षिक समीक्षा यसै पत्रसाथ संलग्न ढाँचामा जिल्लागत रुपमा प्रस्तुतीकरण गर्नु पर्नेछ ।

टेलिफोन नं.:- ०१-४२११९६३, ४२००४७६, ४२११६७८, ४२११७९१, फ्याक्स नं.:- +९७७-०१-४२११८७७,
टोल फ्रि नं.:- १६६००१५०००५, श्रमाधान कल सेन्टर फोनः- ११४१, ईमेलः- admin@moless.gov.np/info@moless.gov.np, वेब साईटः- www.moless.gov.np